**कोरोना भाइरससम्बन्धी कर्णाली प्रदेशको अवस्था**
**सुर्खेत । ०७७ वैशाख १५ गते**
रुकुम जाजरकोट र डोल्पाको सिमा नाका मानिने त्रिवेणीमा क्वारेन्टाइनको नाममा गाउँपालिकाले कुखुराको खोरमा क्वारेन्टाइन स्थापना गरी कमजोर व्यवस्थापनका कारण सर्वसाधारणलाई सास्ती दिएको गुनासो आएको छ ।
त्रिवेर्णीमा स्थापना गरिएको क्वारेन्टाइनमा २४ जना भन्दा बढि छन । तर राम्रो वेड विस्ताराको अभावमा घाँस विच्छाएर बस्नुपरेको र कुखुरा पालन गरेको खोरमा अत्यधिक गन्ध आउने गरेको स्थानीय लिलराज रोकायाले बताउनु भयो ।
स्थानीय प्रेम थापाका अनुसार गाउँपालिकाका धेरैजसो वडामा क्वारेन्टाइनको व्यवस्था नभएको, हेल्थडेक्स स्थापना नगरिएको र स्वास्थ्य उपकरण तथा औषधीको समेत अभाव छ ।
जाजरकोटको भेरी नगरपालिकामा वडा समितिका पदाधिकारीले राहतवितरण गर्ने सुचीमा मापदण्ड विपरीतका व्यक्ति सिफारिस गरेपछि राहतवितरण कार्य अलपत्र परेको छ ।

**इन्सेक मुगु जिल्ला प्रतिनिधि जीवन सेजुवालका अनुसार** छायाँनाथ रारा नगरपालिका–१ श्रीनगरका लोकेन्द्रबहादुर मल्ल, नृपेन्द्रबहादुर मल्ल र भुपेन्द्रबहादुर मल्लले आफना बुवाको तिथीमा लाग्ने खर्च विपद कोषमा जम्मा गर्नुभएको छ ।
वैशाख १५ गते पर्न गएको बुवाको २२ औं तिथीको अवसरमा हुने खर्च कटाएर छाँयानाथ रारा नगरपालिका, खत्याड, सोरु र मुगुम कार्मारोङ गाँउपालिकाले स्थापना गरेका कोषमा १०/१० हजारको दरले जम्मा गरेको जेठा छोरा लोकेन्द्रबहादुर मल्लले जानकारी दिनुभयो ।
लकडाउनका कारण सबैलाई बोलाउन सम्भव नभएकाले कोरोना भाइरस नियन्त्रण, उपचार र राहतमा सहजहोस भनेर सहयोग गरिएको मल्ल परिवारको भनाई छ ।

**इन्सेक दैलेख जिल्ला प्रतिनिधि अमर सुनारका अनुसार** कोरोना भाइरस रोकथामका लागि सरकारले गरेको लकडाउनका कारण विपन्नलाई राहत वितरण गर्ने गरी नेपाली काँग्रेसका दुई नेताले खाद्यान्न हस्तान्तरण गरेका छन् ।
महाधिवेशन प्रतिनिधि दिक्पालकुमार शाही र युवा नेता बासुदेव शर्माले आठबीस नगरपालिका, चामुण्डाबिन्द्रासैनी नगरपालिका, दुल्लू नगरपालिका, भैरबी गाउँपालिका र ठाँटीकाँध गाउँपालिकालाई खाद्यान्न प्रदान गर्नुभएको हो ।
पाँचवटै स्थानीय तहका लागि एक सय क्वीन्टल चामल, हजार पोका तेल, हजार प्याकेट नुन, हजार वटा हात धुने साबुन हस्तान्तरण गरिएको नेपाली काँग्रेस दैलेखका सभापति कृष्णकुमार बीसीले जानकारी दिनुभयो ।

**इन्सेक जाजरकोट जिल्ला प्रतिनिधि दिनेशकुमार श्रेष्ठका अनुसार** वडा समितिका पदाधिकारीले मापदण्ड विपरीतका व्यक्ति सिफारिस गरेपछि भेरी नगरपालिकाको राहतवितरण कार्य अलपत्र परेको छ । लकडाउन भएको लामो समय विति सक्दापनि राहत वितरण हुन नसकेपछि श्रमिक र विपन्न नागरिक समस्यामा परेका छन् ।
राहत वितरणका लागि १३ वटा वडाबाट आठ हजार चार सय ९० परिवारको सिफारिस आएको निमित्त प्रमुख प्रशासकिय अधिकृत दलबहादुर घर्तीले बताउनु भयो । उहाँका अनुसार वडाबाट सिफारिस भै

आएका नाममा नगरकार्यपालिकाको बैठकमा छलफल हुँदा वास्तविक पीडित भन्दा अन्य व्यक्तिहरुको सुची धेरै आएपछि राहत वितरण कार्य रोकिएको घर्तीले बताउनु भयो ।
यसैबीच पुर्व साँसद राजिवविक्रम शाह र कुशे गाउँपालिकाको सहयोगमा काठमाडौं भक्तपुर, काभ्रे, सिन्धुपाल्चोक, धादिङ, नुवाकोट लगायत जिल्लामा अलपत्र परेका मजदुर र काठमाडौंमा अध्ययनरत विद्यार्थीको उद्धार गरिएको छ ।
वैशाख १४ गते एक सय २२ जनालाई तीन वटा बसमा जाजरकोट पठाईएको किरण सिंह ठुकरीले जानकारी दिनु भयो ।

**इन्सेक सल्यान जिल्ला प्रतिनिधि मिना बुढाथोकीका अनुसार** सल्यानी युवा सञ्जाल बागचौर नगर कमिटी सल्यानले प्राथमिक स्वास्थ्य केन्द्र थारमारेलाई सुरक्षा कवज प्रदान गरेको छ ।
बागचौर नगरपालिका मार्फत प्राथामिक स्वास्थ्य केन्द्रलाई मुख छोप्ने कभर उपलब्ध गराएको छ । प्रोटेक नेपालको निमार्ण र राष्ट्रिय आविष्कार केन्द्रको सहजीकरणमा कोरोना भाइरसको उपचारमा खटिएका स्वास्थ्यकर्मीको सुरक्षाको लागि मुख छोप्ने कभर उपलब्ध गराइएको सञ्जाल बागचौर कार्यसमितिका उपाध्यक्ष बामदेव केसीले जानकारी दिनुभयो । चार थान जिल्ला अस्पताललाई, प्राथमिक स्वास्थ्य केन्द्र लेखपोखरा र थारमारेलाई २/२ थान उपलब्ध गराएको केसीको भनाई छ ।
यस्तै सल्यानको दार्मा गाउँपालिकाले राहत वितरण गर्न शुरु गरेको छ । दैनिक ज्यालादारी, मजदुरी गरेर जीविकोपार्जन गर्ने ४ सय ८४ परिवारलाई वितरण गरिने गाउँपालिका अध्यक्ष निम बहादुर केसीले जानकारी दिनुभयो ।

**इन्सेक रुकुम पशिचम जिल्ला प्रतिनिधि मनिषा केसीका अनुसार** आठविसकोट नगरपालिकाले स्थानीयको सहकार्यमा १२ शैयाको कोरोना विशेष अस्पताल निर्माण गरेको छ । ०७६ चैत २५ गते देखि आइसोलेसन भवनको निर्माण कार्य सुरु गरिएको थियो ।
नगरप्रमुख गोर्खबहादुर केसीका अनुसार आइसोलेसन अस्पतालमा ६ विशेष र एक नर्मल वार्ड छन् । अस्पतालको ६ वटा कोठामा एटेच बाथरुम, एयर कन्डिसन सुविधा, तातो पानी आउने प्रविधि र भाइटल साइन मिनिटर जडान गरिएको छ । अस्पताल निर्माणका लागि ८९ लाखको डिजाइन स्टिमेट गरिएकोमा ७५ लाखमा निर्माण सम्पन्न भएको उहाँले बताउनुभयो ।
विशेष वार्डमा एक/एक र नर्मल वार्डमा ६ वटा बेड राखिएको छ । हरेक बेडमा अक्सिजनको सुविधा र बालबालिकाको लागि अलग्गै उपचार गरीने व्यवस्था रहेको नगरपालिकाले जनाएको छ । चौरजहारी र मुसिकोट नगरपालिकामा भने आइसोलेसन भवन निर्माण जारी रहेको नगरपालिकाले जानकारी दिएका छन् ।

**इन्सेक हुम्ला जिल्ला प्रतिनिधि नन्द सिंहका अनुसार** पटक पटकको अनुरोध पछि नेपालगञ्ज र सुर्खेतमा अलपत्र परेका नागरिकहरलाई वैशाख १६ गतेबाट जहाजमा जिल्ला ल्याइने भएको छ । सडक यातायातले नजोडिएको हिमाली जिल्ला हुम्लावासीहरु जहाजबाट फर्के लगत्तै अनिवार्य क्वारेष्टिनमा बस्नु पर्ने छ ।
यस्तै हुम्लाका सात वटै गाउँपालिकाले कोरोना सम्वन्धि सम्पुर्ण सामग्री खरिद गर्ने निर्णय गरेता पनि पुरा हुन सकेको छैन । केही गाउँपालिकाले खरिद गरेका सामग्री पहुँचका भरमा विपन्न भन्दा हुनेखानेलाई वितरण गरेको गुनासो आएको छ ।

यसैगरी गैरसरकारी संस्थाद्धारा जिल्लाका विभिन्न मिडियामा आवद्ध पत्रकारहरुलाई कोरोना भाइरसको जोखिमबाट बच्नका लागि वैशाख १५ गते विभिन्न सामग्री वितरण गरिएको छ ।
मिसन इष्टको आर्थिक सहयोगमा, किर्डाक नेपाल, महिला कल्याण सेवाको सहकार्यमा हिमाली शिक्षा र विकास हेड नेपालले हुम्ला जिल्लाका पत्रकारसंगै क्वारेन्टाइन, विमानस्थलमा खटिने सम्पुर्ण कर्मचारीलाई मास्क, स्यानिटाईजर, ग्लोभ्स र अन्य सामग्री हस्तान्तरण गरिएको हो ।

**इन्सेक कालीकोट जिल्ला प्रतिनिधि कालीबहादुर मल्लका अनुसार** मापदण्ड अनुसार क्वारेटाइन नभएका कारण त्यहाँ बसेका व्यक्तिहरुमा समस्या उत्पन्न भइरहेको गुनासो आएको छ । विद्यालयमा स्थापना गरिएका क्वारेनटाइनहरुमा अत्यधिक धुलो भएको इन्सेकद्धारा गठित मानवअधिकार समुह शुभकालिका संयोजक पर्शुराम गाउँलेले बताउनु भयो ।
उहाँका अनुसार क्वारेन्टाइनको अवस्था नाजुक भएका कारण स्थानीय एवं प्रदेश सरकारले बाहिर जिल्लाबाट उद्धार गरेर ल्याएका मानिसहरु लुकेर घर जाने गरेको पाइएको छ ।
लकडाउनका कारण कालिकोट जिल्लामा दैनिक उपभोग्य सामानको अभाव हुन थालेको छ । चामल, तेल, फलफूल, तरकारी लगायतका सामानहरु ढुवानी हुन नपाएपछि अभाव भएको कालीकोट उद्योग वाणिज्य संघका महासचिव रंगलाल देवकोटाले बताउनुभयो ।

**इन्सेक डोल्पा जिल्ला प्रतिनिधि विष्णुप्रसाद देवकोटाका अनुसार** मुड्केचुला गाउँपालिकाले बाहिर जिल्लाबाट आउनेलाई अनिवार्य १४ दिन क्वारेन्टाइनमा बस्नु पर्ने निर्णय गरेको भएपनि गाउँपालिकाका कर्मचारीहरुलाई भने छुट दिएको पाइएको छ ।
रुकुम जाजरकोट र डोल्पाको सिमा नाका मानिने त्रिवेणीमा क्वारेन्टाइनको नाममा गाउँपालिकाले कुखुराको खोरमा क्वारेन्टाइन स्थापना गरेर कमजोर व्यवस्थापनका कारण सर्वसाधारणलाई सास्ती भएको गुनासो क्वारेन्टाइनमा बसेकाहरुले गरेका छन ।
त्रिवेणीमा स्थापना गरिएको क्वारेन्टाइनमा २४ जना भन्दा बढि छन । तर राम्रो वेड अभावमा घाँस ओछ्याएर बस्नुपरेको र कुखुरा पालन गरेको खोरमा अत्यधिक गन्ध आउने गरेको स्थानीय लिलराज रोकायाले बताउनु भयो ।
स्थानीय प्रेम थापाले गाउँपालिकाका धेरैजसो वडामा क्वारेन्टाइनको व्यवस्था नभएको, हेल्थडेक्स स्थापना नगरिएको र स्वास्थ्य उपकरण तथा औषधीको समेत अभाव रहेको बताउनु भयो । जगदुल्ला र मुड्केचुला गाउँपालिकाको सिमा नाका गारापारी र इलको हरियारुखमा हेल्थ डेक्स स्थापना गरिएपनि प्रभावकारी नभएको थापाको भनाई छ ।
यस्तै गाउँपालिकाले दैनिक उपभोग्य सामग्री ल्याउनका लागि बाटो अनुमति पत्र माग्दा सर्वसाधारणलाई नदिने तर स्थानीय जनप्रतिनिधिका आफन्त र चिनजानका व्यक्तिहरुलाई अनुमति दिने गरेको स्थानीय प्रेम थापाको आरोप छ ।
मुड्केचुला गाउँपालिका वडा नम्बर १ का अध्यक्ष भानुभक्त बोहराले बाहिरबाट गाउँमा फर्केकाको स्वास्थ्य परिक्षण तथा निगरानीमा कडाई गरिएको जिकिर गर्नुभयो । स्वास्थ्य परिक्षण गर्दा कुनै पनि लक्षण नदेखिएपछि र स्वास्थ्यकर्मीले ठिक छ भनेपछि केहिलाई भने घरमा पठाएको स्वीकार गर्नु भयो ।
**इन्सेक कर्णाली प्रदेश कार्यालय, सुर्खेत**